# 'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन


गीता सुवेदी नेपाल

परीक्षा क्रमाङ्क : २०४००२१/२०७०

त्रि.वि.द.नं. : १४३७०-९२


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

## शोधपत्र


कनकाई बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुरुङ्गा, झापा



वि.सं. २०७३

सन् २०१७



'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन

गीता सुवेदी नेपाल

२०१७

# 'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन

गीता सुवेदी नेपाल

परीक्षा क्रमाङ्क : २०४००२१/२०७०

त्रि.वि.द.नं. : १४३७०-९२

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

## शोधपत्र

कनकाई बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुरुङ्गा, झापा

वि.सं. २०७३

सन् २०१७

## प्रतिबद्धता पत्र

प्रस्तुत *'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

**शोधार्थी**

गीता सुवेदी नेपाल

कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा

नेपाली भाषा शिक्षा विभाग

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ प्रयोजनार्थ प्रस्तुत *'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* नामक शोध शीर्षकको शोधपत्र यस क्याम्पसका शोधार्थी छात्रा गीता सुवेदी नेपालले मेरा निर्देशनमा तयार पार्नुभएको हो। परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसँग म पूर्ण रूपमा सन्तुष्ट छु। यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु।

तेजप्रसाद खनाल

**शोधनिर्देशक**

सहायकप्रा. नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस,

सुरुङ्गा, झापा

सन् १ जनवरी २०१७

**कृतज्ञता ज्ञापन**

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पाठ्यांश पूरा गर्न तयार पारिएको हो। प्रस्तुत शोधपत्रलाई प्रस्तुति योग्य बनाउनका लागि शोधनिर्देशक कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहाप्रा.तेजप्रसाद खनालले पुऱ्याउनुभएको सहयोगका लागि आभार प्रकट गर्दछु। यस शोधकार्यमा आवश्यक सल्लाह सुझाव दिनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा नेपाली विभागका विभागीय प्रमुख उपप्रा. विष्णुप्रसाद कोइराला तथा क्याम्पस प्रमुख टङ्कबहादुर कार्की, सहप्रा.जीवनाथ सुवेदी, उपप्रा. शेरबहादुर बानियाँ लगायत क्याम्पसका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी सारस र सञ्जीवनी उपन्यास उपलब्ध गराइदिनु हुने आरणीय गुरुआमा लक्ष्मी पौडेललाई विशेष धन्यवाद दिन चाहन्छु । शोधकार्य लेखनका लागि आर्थिक व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै सहयोग पुऱ्याउने मेरा पति चिरञ्जीवी नेपाललाई सहृदयी धन्यवाद दिन चाहन्छु । श्रद्धेय पिता बल्लभमणि सुवेदी र माता सीता सुवेदी साथै दिदी राधा सुवेदी (घिमिरे)प्रति विशेष आभार प्रकट गर्न चाहन्छु। साथै मेरा साथीहरू भावना नेपाल, गीतामाया श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु।

सुसाङ्ख्य टङ्कण तथा ब्यान्डिङमा सहयोग गर्नुहुने सौजन्य डेस्कटप विर्तामोड-१ अतिथि सदन लाइन बुद्धचौकको दिदी मैया बरालप्रति पनि सधन्यवाद आभार प्रकट गर्दछु। अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभागमा पेश गर्दछु।

गीता सुवेदी नेपाल

## शोधसार

सारस र सञ्जीवनी उपन्यासकार भक्ति शिवाकोटीद्वारा लेखिएको प्रयोगवादी उपन्यास हो । प्राचीन इतिहास, दर्शन, विज्ञान, आख्यान, साहित्य तथा नेपाली लोक आख्यान मिसाएर यो कृति तयार गरिएको छ । यसमा स्वैरकल्पनामा उडेर ग्रीकको परिवेशलाई टिपेर आफ्नो कलाद्वारा पाठकलाई रोमाञ्चित बनाउने काम स्रष्टाले गरेका छन् ।

सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रम उक्त उपन्यासमा कथानक र पात्रका आधारमा शैलीवैज्ञानिक अध्ययन र शैलीविज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखालाई प्रस्तुत गरिएको छ । उक्त कार्यले शोधकार्य गर्न सहज र सजिलो बनाएको छ । अध्यायको तेस्रो अध्यायमा शोधकार्य अनुसन्धान विधिलाई प्रस्तुत गरिएको छ । यो शोध तयार गर्दा पुस्तकालयीय, विधिको प्रयोग गरिएको छ भने अनुसन्धानको प्राथमिक स्रोतको रूपमा 'सारस र सञ्जीवनी' उपन्यासलाई लिएको छ भने अन्य प्रकाशित अप्रकाशित शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा उपयोगमा ल्याइएको छ । शोधको चौँथो अध्यायमा कथानक र पात्रका आधारमा 'सारस र सञ्जीवनी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । जसमा कथानक तथ्याङ्कलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

उक्त उपन्यासको कथानकमा भएका पात्रहरूलाई शैलीवैज्ञानिक तालिकामा देखाइ तिनीहरूको विश्लेषण गरिएको छ । प्रस्तुत शोध पत्रको पाँचौं अध्यायमा 'सारस र सञ्जीवनी' उपन्यासको चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा, तत्सम, तद्भव, आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्द चयन गरिएको छ ।

*उक्त कार्यले कथाहरूलाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाएको छ । यी कथाहरूमा विन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक, अनुस्वार, शीरबिन्दु आदिको समुचित प्रयोग गरिएको छ । विचलन अन्तर्गत ध्वनिप्रक्रियात्मक अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको पनि अध्ययन र विश्लेषण गरिएको छ ।*

## विषयसूची

**शीर्षक** **पृष्ठ**

**अध्याय : एक**

**शोधको परिचय**


अध्ययनको पृष्ठभूमि १

समस्या कथन १

शोधकार्यको उद्देश्य २

अध्ययनको महत्त्व र औचित्य २

अध्ययनका सीमा ३


**अध्याय : दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचा**


पूर्वकार्यको समीक्षा ४

अध्ययनको पूर्वकार्यको उपयोगिता ७

सैद्धान्तिक अवधाराणात्मक ढाँचा ७


**अध्याय : तीन**

**अनुसन्धान विधि र प्रक्रिया**


तथ्याङ्क सङ्कलनका स्रोत ११

तथ्याङ्क सङ्कलनका साधन ११

अध्ययन प्रक्रिया १२

**अध्याय : चार**

**'सारस र सञ्जीवनी' उपन्यासको विश्लेषण**


| | |
|---|---|
| कथानक | १४ |
| कथानकको विकासक्रम | १४ |
| फ्रेटागको सूचिस्तम्भ र सारस र सञ्जीवनीका कथानक | १९ |
| सारस र सञ्जीवनी उपन्यासको चरित्र विश्लेषण | ४१ |
| सारस र सञ्जीवनी उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण | ४८ |


**अध्याय : पाँच**

**भाषागत आधारमा सारस र सञ्जीवनी उपन्यासको शैलीवैज्ञानिक अध्ययन**


| | |
|---|---|
| चयन | ४७ |
| शब्द चयनका आधारमा सारस र सञ्जीवनी उपन्यास | ४७ |
| झर्रो तथा अनुकरणात्मक शब्दको प्रयोग | ४९ |
| सारस र सञ्जीवनी उपन्यासमा प्रयुक्त चिन्ह चयन | ५५ |
| विचलन | ५९ |
| समानान्तरता | ६१ |


**अध्याय : छ**

**सारांश, निष्कर्ष र उपयोगिता/सुझाव**


| | |
|---|---|
| सारांश | ६३ |
| निष्कर्ष | ६४ |
| उपयोगिता/सुझाव | ६५ |
| सम्भाव्यता | ६७ |

सन्दर्भग्रन्थ सूची

व्यक्तिवृत्त